संघीय संसद

**प्रतिनिधि सभा, २०७९**

**पाँचौं अधिवेशन**

बैठक संख्या - १

सूचनापत्र - २

**(बैठकको कारवाहीको संक्षिप्त विवरण)**

२०८१ साल माघ १८ गते शुक्रवार

प्रतिनिधि सभाको पाँचौं अधिवेशनको पहिलो बैठक सम्माननीय सभामुख देवराज घिमिरेको अध्यक्षतामा दिनको १:१० बजे प्रारम्भ भयो।

बैठकको प्रारम्भमा सम्माननीय सभामुखले सम्माननीय राष्ट्रपतिबाट प्राप्त निम्नलिखित पत्रको व्यहोरा पढेर सुनाउनु भयो।

> नेपालको संविधानको धारा ९३ को उपधारा (१) बमोजिम सम्वत् २०८१ साल माघ १८ गते शुक्रबारका दिन १३:०० बजे अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र, नयाँ बानेश्वरमा संघीय संसदको दुवै सदनको अधिवेशन आह्वान गरेको छु।
>
> मितिः- २०८१ माघ ०८ (रामचन्द्र पौडेल)
>
> राष्ट्रपति

त्यसपछि सम्माननीय सभामुखले प्रतिनिधि सभाको पाँचौं अधिवेशन प्रारम्भको अवसरमा सभाका सम्पूर्ण माननीय सदस्यहरुलाई आफ्नो र सभाको तर्फबाट स्वागत गर्नुहुँदै संसदीय गतिविधिमा सफलताको शुभकामना व्यक्त गर्नुभयो। उहाँले आजदेखि शुरु भएको अधिवेशन कानून निर्माण र जनसरोकारका मुद्दाहरुको सम्बोधन फलदायी हुने विश्वास लिएको भन्नुहुँदै संसदलाई लोकतन्त्रको उच्चतम अभ्यास गर्ने थलोको रुपमा लिइने, यहाँ व्यक्त भएका विचारलाई परिस्कृत गर्दै हामी नीति निर्माणसम्म पुग्ने, संसदमा विवाद, छलफल र बहस हुनु नौलो होइन भन्नु हुँदै हाम्रा निचोडहरु सहमतिको संगम बन्नुपर्दछ भन्नु भयो। जनताको अभिमत बोकेका राजनीतिक दलहरु साँघुरो गल्लीमा सीमित नभई, राष्ट्रिय हितको विशाल मार्गमा अघि बढ्नुपर्छ, सत्तापक्ष र प्रतिपक्ष दुवैले तर्क र विचारको सम्मानजनक आदानप्रदानबाट संसदलाई प्रभावकारी बनाउन दायित्व निर्वाह गर्नुहुनेमा आफू विश्वस्त रहेको भन्नुभयो। साथै उहाँले परस्पर सम्मान, सहकार्य र एकताबाट नै हामीले मुलुकका विद्यमान समस्या निरुपण गर्न र नीति निर्माणका लागि ऐतिहासिक सफलता प्राप्त गर्न विगतका असल अभ्यासलाई निरन्तरता दिँदै राष्ट्र र जनताको हितमा काम गर्न हामी सबैलाई प्रेरणा मिल्नेमा विश्वास लिएको छु भन्नुभयो।

तदुपरान्त सभाले लोकतन्त्र र प्रजातन्त्र प्राप्तिका लागि जीवन उत्सर्ग गर्ने ज्ञात अज्ञात शहिदहरु प्रति श्रद्धाञ्जली अर्पण गर्न एक मिनेट उठेर मौन धारण गर्‍यो।

तत्पश्चात सम्माननीय सभामुखले राष्ट्रपतिको कार्यालयबाट प्राप्त पत्रहरुको व्यहोरा पढेर सुनाउन लाग्नुहुँदा राष्ट्रिय स्वतन्त्र पार्टीका उपस्थित माननीय सदस्यहरु आ-आफ्नो स्थानमा उभिनुभई समय माग गर्नुभएपछि सम्माननीय सभामुखले अधिवेशनको पहिलो बैठकमा नियमावलीमा उल्लेख भएका जरुरी कार्यहरु गर्ने, आकस्मिक, शून्य तथा विशेष समय सञ्चालन नगर्ने परम्परा रहेकोले माननीय सदस्यहरुलाई आफ्नो आशन ग्रहण गरी बैठक सञ्चालनमा सहयोग गर्नुहुन बारम्बार आग्रह गर्नुहुँदा पनि उहाँहरु आ-आफ्नो स्थानमा अगाडि उभिई रहनुभयो।

त्यसपछि पनि राष्ट्रिय स्वतन्त्र पार्टीका माननीय सदस्यहरुले केही आकस्मिक विषयहरुका सम्बन्धमा जानकारी गराउनको लागि पटक पटक समय माग गर्दै आ-आफ्नो स्थानमा अगाडि उभिई रहनुभएपछि सम्माननीय सभामुखले अधिवेशन आह्वानको पहिलो दिनको अवसरमा दलीय आधारमा बोल्न समय व्यवस्थापन गरिएकोले माननीय सदस्यहरुलाई सोही समयमा आफ्नो भनाई राख्न सकिने जानकारी गराउनुहुँदै उभिइरहनुभएका माननीय सदस्यहरुलाई आ-आफ्नो स्थानमा बस्नको लागि आदेश गर्नुहुँदै प्रतिनिधि सभा नियमावली, २०७९ को नियम १५ मा आकस्मिक समय सम्बन्धमा उल्लेख भएको प्रतिबन्धात्मक वाक्यांशको बारेमा समेत माननीय सदस्यहरुलाई जानकारी गराउनु भयो।

तदुपरान्त पनि राष्ट्रिय स्वतन्त्र पार्टीका माननीय सदस्यहरु समय माग गर्नुहुँदै आ-आफ्नो स्थान अगाडि उभिइरहनु भएपछि सम्माननीय सभामुखले राष्ट्रपतिको कार्यालयबाट प्राप्त निम्नलिखित पत्रहरुको व्यहोरा पढेर सुनाउनु भयो।

(क) सम्माननीय राष्ट्रपति श्री रामचन्द्र पौडेलज्यूबाट सम्माननीय प्रधानमन्त्री श्री केपी शर्मा ओलीज्यू सम्वत् २०८१ साल असोज ४ गते शुक्रबार संयुक्त राष्ट्रसंघको ७९औं महासभामा सहभागी हुन संयुक्त राज्य अमेरिका प्रस्थान गर्नुहुने भएकोले वँहाको अनुपस्थितिमा प्रधानमन्त्रीले गर्ने दैनिक प्रशासनिक कार्य नेपालको संविधानबमोजिम सम्माननीय प्रधानमन्त्रीज्यूको सिफारिसमा माननीय उपप्रधानमन्त्री एंव शहरी विकास मन्त्री प्रकाशमान सिंहले सम्हाल्ने गरी तोक्नुभएको व्यहोरा सादर अनुरोध गर्दछु।

मितिः २०८१/०६/०४ (नारायणप्रसाद शर्मा दुवाडी)
सचिव

(ख) सम्माननीय राष्ट्रपति श्री रामचन्द्र पौडेलज्यूबाट सम्माननीय प्रधानमन्त्री श्री केपी शर्मा ओलीज्यू सम्वत् २०८१ साल मङसिर १७ गते सोमवार जनवादी गणतन्त्र चीन प्रस्थान गर्नुहुने भएकोले वँहाको अनुपस्थितिमा प्रधानमन्त्रीले गर्ने दैनिक प्रशासनिक कार्य नेपालको संविधानबमोजिम सम्माननीय प्रधानमन्त्रीज्यूको सिफारिसमा माननीय उपप्रधानमन्त्री एवं शहरी विकास मन्त्री प्रकाशमान सिंहले सम्हाल्ने गरी तोक्नुभएको व्यहोरा सादर अनुरोध गर्दछु।

मितिः २०८१/०८/१७ (नारायणप्रसाद शर्मा दुवाडी)
सचिव

त्यसपछि सम्माननीय सभामुखले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट प्राप्त निम्नलिखित पत्रको व्यहोरा पढेर सुनाउनु भयो।

माननीय परराष्ट्रमन्त्री डा. आरजु राणा क्यानडाको टोरन्टोमा आयोजना हुने महिला परराष्ट्रमन्त्रीहरुको बैठक, न्युयोर्कमा आयोजना हुने संयुक्त राष्ट्रसंघको ७९ औंमहासभा र कतारकोदोहामा आयोजना हुने एसिया कोअपरेशन डायलगको तेस्रो शिखर सम्मेलनमा भाग लिन संवत् २०८१ साल भदौ ३१ गते क्यानडातर्फ प्रस्थान गर्नुहुने भएकोले उहाँको अनुपस्थितिमाउहाँले सम्हाल्दै आउनुभएको परराष्ट्र मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीज्यूबाट माननीय गृह मन्त्री रमेश लेखकले सम्हाल्ने गरी तोक्नुभएको व्यहोरा अनुरोध गर्दछु।

मितिः २०८१/०५/३१ (कृष्णहरी पुष्कर)
सचिव

तत्पश्चात समय माग गर्दै उभिइरहनु भएका राष्ट्रिय स्वतन्त्र पार्टीका उपस्थित माननीय सदस्यहरु विरोध स्वरुप १५ मिनेटको लागि बैठक वहिष्कार गर्दछौं भन्नुहुँदै बैठक कक्षबाट बाहिरिनु भयो।

तदुपरान्त सम्माननीय सभामुखले प्रतिनिधि सभा नियमावली, २०७९ को नियम १० बमोजिम सभामुख तथा उपसभामुखको अनुपस्थितिमा बैठकको अध्यक्षता गर्न निम्नलिखित माननीय सदस्यहरुलाई मनोनयन गरेको व्यहोरा जानकारी गराउनु भयो।

१. माननीय ईश्वरी देवी न्यौपाने
२. माननीय अमृता देवी अग्रहरी
३. माननीय डा० चन्दा कार्की (भण्डारी)
४. माननीय दुर्गा राई
५. माननीय बुद्धिमान तामाङ्ग
६. माननीय रामकृष्ण यादव
७. माननीय हेमराज राई

तदुपरान्त पाँचौं अधिवेशन प्रारम्भको अवसरमा सम्माननीय प्रधानमन्त्री के.पी. शर्मा ओलीले आफ्नो भनाई राख्नुभयो।

यसैबीच सम्माननीय प्रधानमन्त्रीले आफ्नो भनाई राखीरहँदा राष्ट्रिय स्वतन्त्र पार्टीका माननीय सदस्यहरु बैठक कक्षभित्र प्रवेश गर्नुभयो।

तत्पश्चात् सभाको पाँचौं अधिवेशन प्रारम्भको अवसरमा दलीय प्रतिनिधित्वको आधारमा निम्नलिखित माननीय सदस्यहरुले आ-आफ्नो भनाई राख्नुभयो।

| | | | |
|---|---|---|---|
| १. | मा० शेर बहादुर देउवा | ९. | मा० राज किशोर यादव |
| २. | मा० योगेश कुमार भट्टराई | १०. | मा० सर्वेन्द्र नाथ शुक्ला |
| ३. | मा० हितराज पाण्डे | ११. | मा० गंगाराम चौधरी |
| ४. | मा० डा० स्वर्णिम वाग्ले | १२. | मा० प्रेम सुवाल |
| ५. | मा० राजेन्द्र प्रसाद लिङ्देन | १३. | मा० चित्र बहादुर के.सी. |
| ६. | मा० राजेन्द्र प्रसाद पाण्डे | १४. | मा० प्रभु साह |
| ७. | मा० अशोक कुमार राई | १५. | मा० डा० अमरेश कुमार सिंह |
| ८. | मा० डा० चन्द्र कान्त राउत | | |

तदनन्तर सम्माननीय प्रधानमन्त्रीको तर्फबाट माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री पृथ्वी सुब्बा गुरुङले "सुशासन प्रवर्धन तथा सार्वजनिक सेवा प्रवाह सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८१" पेश गर्नुभयो।

त्यसपछि माननीय उपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले "आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व (पहिलो संशोधन) अध्यादेश, २०८१", "निजीकरण (पहिलो संशोधन) अध्यादेश, २०८१" र "आर्थिक तथा व्यवसायिक वातावरण सुधार र लगानी अभिवृद्धि सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८१" क्रमशः पेश गर्नुभयो।

तदुपरान्त माननीय भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्री बलराम अधिकारीले "सहकारी सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८१" र "भूमि सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८१" क्रमशः पेश गर्नुभयो।

तत्पश्चात् सम्माननीय सभामुखले प्रतिनिधि सभा नियमावली, २०७९ को नियम १७७ बमोजिम निम्नलिखित समितिमा माननीय सदस्यहरुको नाम थप तथा हेरफेर गर्न सभाको सहमतिको लागि प्रस्ताव गर्नुहुँदा सभाले सहमति जनायो।

| क्र.सं. | मा० सदस्यको नाम | समिति |
|---|---|---|
| १ | मा० रन्जिता श्रेष्ठ | कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिमा |
| २ | मा० दुर्लभ थापा क्षेत्री | उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समतिबाट अर्थ समितिमा |
| ३ | मा० कल्पना चौधरी | पूर्वाधार विकास समितिबाट अर्थ समितिमा |

त्यसपछि सम्माननीय सभामुखले पूर्व सभामुख, पूर्व सदस्यहरु र संविधान सभा सदस्यहरुको निधन भएकोमा निम्नलिखित शोक प्रस्तावहरु प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिले पारित भयो।

(क) "नेपाली काँग्रेस पार्टीको तर्फबाट वि.सं. २०४८ सालको संसदीय निर्वाचनमा काठमाडौं जिल्ला क्षेत्र नं. २ बाट निर्वाचित सदस्य, २०४८ सालको प्रतिनिधि सभाको सभामुख, मानव अधिकार र सामाजिक सेवामा समर्पित, शान्ति प्रक्रियाका सक्रिय सहजकर्ता एवं लोकतान्त्रिक आन्दोलनहरुमा सक्रिय भूमिका निर्वाह गर्नुभएका दमननाथ ढुंगानाको ८३ वर्षको उमेरमा मिति २०८१ साल मंसिर २ गते असामयिक निधन भएकोमा प्रतिनिधि सभाको यो बैठक उहाँको निधनप्रति शोक प्रकट गरी श्रद्धाञ्जली अर्पण गर्दै शोक-सन्तप्त परिवारप्रति समवेदना प्रकट गर्दछ।"

(ख) "वि.सं. २०७० सालको संविधान सभा निर्वाचनमा नेपाली काँग्रेस पार्टीको तर्फबाट समानुपातिक सदस्यमा निर्वाचित सदस्य, संविधान निर्माण एवं लोकतान्त्रिक आन्दोलनहरुमा सक्रिय भूमिका निर्वाह गर्नुभएका अब्दुल हमिद सिद्धिकीको ६० वर्षको उमेरमा मिति २०८१ साल मंसिर ३ गते असामयिक निधन भएकोमा प्रतिनिधि सभाको यो बैठक उहाँको निधनप्रति शोक प्रकट गरी श्रद्धाञ्जली अर्पण गर्दै शोक-सन्तप्त परिवारप्रति समवेदना प्रकट गर्दछ।"

(ग) “वि.सं. २०५६ सालको संसदीय निर्वाचनमा नेपाली काँग्रेस पार्टीको तर्फबाट काठमाडौं जिल्ला क्षेत्र नं. ४ बाट प्रतिनिधि सभा सदस्यमा निर्वाचित सदस्य, पूर्व जनसंख्या तथा वातावरण मन्त्री, काठमाडौं महानगरको पूर्व नगरप्रमुख एवं लोकतान्त्रिक आन्दोलनहरुमा सक्रिय भूमिका निर्वाह गर्नुभएका प्रेमलाल सिंह (पी.एल.सिंह) को ८८ वर्षको उमेरमा मिति २०८१ साल पुस १ गते असामयिक निधन भएकोमा प्रतिनिधि सभाको यो बैठक उहाँको निधनप्रति शोक प्रकट गरी श्रद्धाञ्जली अर्पण गर्दै शोक-सन्तप्त परिवारप्रति समवेदना प्रकट गर्दछ।”

(घ) “ने.क.पा. (एमाले) पार्टीको तर्फबाट वि.सं. २०६४ सालको संविधान सभा निर्वाचनमा बाग्लुङ्ग जिल्ला निर्वाचन क्षेत्र नं. १ बाट निर्वाचित सदस्य, पूर्व ऊर्जा राज्यमन्त्री, लोकतान्त्रिक आन्दोलनहरुमा सक्रिय भूमिका निर्वाह गर्नुभएका हाल नेपाल कम्यूनिष्ट पार्टी (एकिकृत समाजवादी) मा आवद्ध रामजीप्रसाद शर्माको ६७ वर्षको उमेरमा मिति २०८१ साल माघ ७ गते मृगौला रोगको उपचारको क्रममा असामयिक निधन भएकोमा प्रतिनिधि सभाको यो बैठक उहाँको निधनप्रति शोक प्रकट गरी श्रद्धाञ्जली अर्पण गर्दै शोक-सन्तप्त परिवारप्रति समवेदना प्रकट गर्दछ।”

तदुपरान्त सभाले स्वर्गीय दमननाथ ढुंगाना, अब्दुल हमिद सिद्धिकी, प्रेमलाल सिंह र रामजीप्रसाद शर्माको आत्माको चीर शान्तिको लागि उठेर १ मिनेट मौन धारण गर्‍यो।

तदनन्तर प्रतिनिधि सभाको अर्को बैठक २०८१ साल माघ २४ गते विहीबार दिनको १:०० बजे बस्नेगरी बैठक दिनको ६:०५ बजे स्थगित भयो।

पद्म प्रसाद पाण्डेय
महासचिव